# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण २०७५ कार्तिक, मंसिर र पौष महिनासम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग

## राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र

खुमलटार, ललितपुर ।
माघ, २०७५

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण २०७५ कार्तिक, मंसिर र पौष महिनासम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण


**प्रकाशक**

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

**राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र**

खुमलटार, ललितपुर ।

माघ, २०७५

# विषय सूची


| क्र.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | निकायको स्वरुप र प्रकृति | ५ |
| २. | निकायको काम, कर्तव्य र अधिकार | ७ |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | ९ |
| ४. | केन्द्रबाट प्रदान गरिने सेवा | १० |
| ५. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख | १२ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | १३ |
| ७. | निणार्य गर्ने प्रक्रिया र अधिकारी | १३ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | १३ |
| ९. | सम्पादन गरेको कामको विवरण | १३ |
| १०. | कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद | १९ |
| ११. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | १९ |
| १२. | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | १९ |
| १३. | अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | २० |
| १४. | सार्वजनिक निकायको वेभसाइटको विवरण | २० |
| १५. | सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण | २० |

# राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र, खुमलटार, ललितपुर

## १. निकायको स्वरुप र प्रकृति

कृषि विकासमा विषय विशेषज्ञताको महत्वलाई प्राथमिकता दिई कृषि सेवालाई छिटो र छरितो किसिमले कृषक समक्ष पु¥याउन वि.सं. २०२४ सालमा वागवानी लगायत पाँच विभागहरूको गठन भएको थियो । एकीकृत उत्पादन प्रणाली भएको हुँदा नेपाली कृषकका लागि प्रशासकीय तथा आर्थिक दृष्टिले धेरै विभागबाट सेवात्मक कार्य सञ्चालन गर्नु व्यवहारिक देखिएन । तसर्थ वि.सं. २०२९ सालमा तत्कालिन पाँचै विभागहरूलाई गाभेर एउटै कृषि विभागको रूपमा पुर्नगठन गरियो । यसै पुर्नगठनमा बाली विशेषका विकास कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न कृषि विभाग अन्तर्गत बाली विशेषका शाखाहरू समेत स्थापना गर्ने योजना बमोजिम तरकारी, मसला तथा आलु बालीहरूको तालुक अड्डाको रूपमा वि.सं. २०२९ सालमा तरकारी विकास शाखाको स्थापना गरियो र आलु बाली विकासको लागि वि.सं. २०२९ सालमा राष्ट्रियस्तरमा “राष्ट्रिय आलु बाली विकास कार्यक्रम” को स्थापना गरियो । मसला बालीको विकासलाई अघि बढाउन आवश्यक पर्ने पूर्वाधार र प्रविधि विकासका लागि महत्वपूर्ण कार्यहरुको थालनी आ.व. २०३२/३३ (कृषि वर्ष) देखि योजनावद्ध रुपमा शुरुवात् भयो । त्यसै आ.व. मा ईलामको फिक्कलमा अलैंची विकास आयोजनाको स्थापना र २०३४ सालमा पोखरामा अदुवा अनुसन्धान केन्द्रको स्थापना गरियो ।

वागवानीको प्रचुर सम्भावना र आर्थिक उन्नतिमा यसले खेल्न सक्ने भूमिकालाई मध्यनजर राखेर वि.सं. २०४७ सालमा वागवानी विभागको स्थापना गरिएको थियो । यसै क्रममा कृषि मन्त्रालयको वि.सं. २०४९ सालमा नयाँ संरचना बनेपछि यस मन्त्रालय अन्तर्गत रहेका ५ वटा विभागहरूलाई एकीकृत गरी वि.सं. २०४९ श्रावण १ गतेदेखि एक छाता (One Umbrella Concept) मुनि राख्ने योजना अनुसार एउटै कृषि विकास विभागको स्थापना गरियो र तरकारी विकास शाखालाई तरकारी विकास महाशाखामा परिणत गरिएको थियो । त्यसै वर्ष केन्द्रीयस्तरको अलैंची तथा सूठो विकास कार्यक्रम

सञ्चालनमा ल्याइयो र २०५२ सालमा भएको सांगठनिक हेरफेरमा यसलाई सूठो तथा अलैंची विकास शाखा नामाकरण गरियो ।

कृषि विभाग अन्तर्गतका विभिन्न महाशाखाहरू छुट्टै कार्यालयका रूपमा सञ्चालित भई आएकोमा वि.सं. २०५६ श्रावणदेखि विभागको सहयोगी महाशाखाहरूको रूपमा लिइयो । आ.व. २०५६/५७ देखि आर्थिक कारोबार समेत विभागबाटै सञ्चालन गरी महाशाखाको अधिकार क्षेत्रलाई साँगुरो बनाइयो । यसो हुँदा प्रशासनिक प्रक्रिया पुरा गर्दागर्दै सेवात्मक कार्यको गतिमा मन्दता आयो । यो प्रक्रियाले विकासको गतिमा प्रतिकूल असर पारेको महशुस गरी यी महाशाखाहरूलाई नेपाल सरकार (म.प.) को मिति २०५७।०३।२६ को निर्णयानुसार तत्कालिन कृषि तथा सहकारी मन्त्रालयले संगठनात्मक संरचनामा केही फेरवदल गरी पुनः छुट्टै कार्यालयको पहिचान दिईयो । यस पटकमा महाशाखाहरूलाई मातहतका अन्य कार्यालयहरूको प्रशासनिक एवं आर्थिक कार्यमा मार्गदर्शन गर्ने गरी कार्यक्रम निर्देशनालय राख्ने भनि तरकारी विकास निर्देशनालय नामाकरण गरियो । अलग-अलग दरवन्दी भएको र छुट्टा-छुट्टै कार्यक्रम बजेट भएका दुई कार्यालयहरू आलु विकास शाखा पछिल्लो समयको राष्ट्रिय आलु बाली विकास कार्यक्रम र सूठो तथा अलैंची विकास शाखा पछिल्लो समयको राष्ट्रिय मसला बाली विकास कार्यक्रम, खुमलटार वि.सं. २०४९ साल श्रावण १ गते देखि नै यस निर्देशनालयको प्रशासनिक नियन्त्रणमा राखिएकोमा आ.व. २०५७/५८ देखि आर्थिक कारोवार समेत यस निर्देशनालयले हेर्ने गरी अख्तियारी दिईएकोमा नेपाल सरकारको निर्णयानुसार आ.व. २०६०/६१ देखि पुनः आर्थिक कारोवार छुट्टा-छुट्टै गरिएको थियो ।

यसै क्रममा देशको संघीयतामा प्रवेश तथा राजनैतिक र प्रशासनिक पुर्नसंरचनामा तत्कालिन तरकारी विकास निर्देशनालय, राष्ट्रिय आलु बाली विकास कार्यक्रम र राष्ट्रिय मसला बाली विकास कार्यक्रमहरुलाई एकै ठाँउमा गाभेर नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।०३।३२ को निर्णय अनुसार कृषि विभाग अन्तर्गत राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रको स्थापना भयो ।

## २. निकायको काम, कर्तव्य र अधिकार

- अन्तरगतका फार्म केन्द्रहरुलाई आवश्यक नीतिगत तथा कार्यक्रमगत निर्देशन र पृष्ठपोषण,
- आलु, तरकारी तथा मसला बाली प्रवर्द्धनको क्षेत्रमा देशको फोकल कार्यालय,
- सम्बन्धित बाली बस्तुको राष्ट्रिय महत्वका विशेष उत्पादन कार्यक्रम जस्तैः मिशन कार्यक्रम तर्जुमा तथा सञ्चालन,
- आलु, तरकारी तथा मसला बाली विकास सम्बद्ध समस्या पहिचान र समस्या समाधानका लागि कृषि विभागलाई नीतिगत सुझाव,
- अन्तरगतका फार्म केन्द्रहरुमा नविनतम प्रविधि प्रदर्शन तथा प्रसारणको व्यवस्था सम्बन्धी कार्य,
- बोटबिरुवा लगायतका प्रसारण सामग्रीहरुको उत्पादन तथा वितरणको व्यवस्था,
- आलु, तरकारी तथा मसला बाली सम्बद्ध विषयमा राष्ट्रियस्तरमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- फार्म केन्द्र व्यवस्थापनका लागि कृषि विभागलाई आवश्यक परामर्श उपलव्ध गराउने,
- नेपाल सरकारले तोकेको आलु, तरकारी तथा मसला बाली विकास सम्बन्धी अन्य कार्यहरु ।

**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**कृषि विभाग**

# राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र, खुमलटार, ललितपुरको संगठन संरचना

### प्रमुख

रा.प. प्रथम/कृषि/समूहकृत नहुने-१

### योजना, अनुगमन तथा समन्वय शाखा

१. वरिष्ठ वाग. विकास अधिकृत, रा.प.द्वि.(कृषि/वागवानी) -१
२. वागवानी विकास अधिकृत, रा.प.तृ.(कृषि/वागवानी) -१
३. कृषि अर्थ विज्ञ, रा.प.तृ. (कृषि/एगृ. इको.) -१
४. प्राविधिक सहायक, रा.प.अनं.प्र. (कृषि/एगृ. इको.) -१

### प्राविधिक शाखा

१. वरिष्ठ वाग. विकास अधिकृत, रा.प.द्वि.(कृषि/बागवानी)-१
२. वागवानी विकास अधिकृत, रा.प.तृ.(कृषि/बागवानी)-३
३. कृषि प्रसार अधिकृत, रा.प.तृ.(कृषि/कृषि प्रसार)-१
४. बाली संरक्षण अधिकृत, रा.प.तृ.(कृषि/बाली संरक्षण)-१
५. माटो विज्ञ, रा.प.तृ.(कृषि/माटो) -१
६. प्राविधिक सहायक, रा.प.अनं.प्र. (कृषि/बागवानी)-१

### प्रशासन शाखा

१. नायव सुव्वा (प्रशासन/सा.प्र./रा.प.अनं.प्र.)-१
२. लेखापाल (प्रशासन/लेखा/रा.प.अनं.प्र.)-१
३. कम्प्युटर अपरेटर (विविध/रा.प.अनं.प्र.)-१
४. खरिदार (प्रशासन/सा.प्र./रा.प.अनं.द्वि.)-१
५. हलुका सवारी चालक, श्रेणीविहीन-३
६. कार्यालय सहयोगी, श्रेणीविहीन-३

### तरकारी बाली विकास केन्द्र, खुमलटार, ललितपुर

१. वरिष्ठ वाग. विकास अधिकृत रा.प.द्वि.प्रा (वागवानी) -१
२. वागवानी विकास अधिकृत रा.प.तृ.प्रा (वागवानी) -२
३. वाली संरक्षण अधिकृत रा.प.तृ.प्रा) बाली संरक्षण) -१
४. प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा (वागवानी) -३
५. नायव प्राविधिक सहायक रा.प.अनं.द्वि.प्रा (वागवानी) -१
६. सह लेखापाल रा.प.अनं.द्वि.प्र. (लेखा) -१
७. खरिदार रा.प.अनं.द्वि.प्र. (सा. प्रशासन) -१
८. हलुका सवारी चालक, श्रेणीविहिन -२
९. का.स. श्रेणीविहिन -३
जम्मा -१५

### तरकारी बीउ उत्पादन केन्द्र, रुकुम

१. वरिष्ठ वागवानी विकास अधिकृत रा.प.द्वि.प्रा. (वागवानी) -१
२. वागवानी विकास अधिकृत रा.प.तृ.प्रा.( वागवानी) -१
३. बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा(बाली संरक्षण) -१
४. प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा. (वागवानी) -१
५. नायव प्राविधिक सहायक रा.प.अनं.द्वि.प्रा. (वागवानी) -२
६. सह लेखापाल रा.प.अनं.द्वि.प्र. (लेखा) -१
७. खरिदार रा.प.अनं.द्वि.प्र. (सा. प्रशासन) -१
८. हलुका सवारी चालक, श्रेणी विहिन -१
९. का.स. श्रेणी विहिन -३
जम्मा -१२

### आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक

१. वरिष्ठ वागवानी विकास अधिकृत रा.प.द्वि.प्रा.) वागवानी) -१
२. वागवानी विकास अधिकृत रा.प.तृ.प्रा) वागवानी) -२
३. बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा. (बाली संरक्षण) -१
४. माटो विज्ञ रा.प.तृ.प्रा (माटो) -१
५. प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा.(वागवानी) -४
६. सह लेखापाल रा.प.अनं.द्वि.प्र. (लेखा) -१
७. खरिदार रा.प.अनं.द्वि.प्र. (सा. प्रशासन) -१
८. हलुका सवारी चालक श्रेणी विहिन -१
९. का.स. श्रेणीविहिन -३
जम्मा -१५

### अलैची विकास केन्द्र, फिक्कल, इलाम

१. वरिष्ठ वागवानी विकास अधिकृत रा.प.द्वि.प्रा.) वागवानी) -१
२. वाग. विकास अधिकृत रा.प.तृ.प्रा.) वागवानी) -२
३. बाली सं. अधिकृत रा.प.तृ.प्रा. ) बाली संरक्षण) -१
४. माटो विज्ञ रा.प.तृ.प्रा (माटो) -१
५. प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा. (वागवानी) -२
६. नायव प्राविधिक सहायक रा.प.अनं.द्वि.प्रा. (वागवानी) -१
७. सह लेखापाल रा.प.अनं.द्वि.प्र. (लेखा) -१
८. खरिदार रा.प.अनं.द्वि.प्र. (प्र. प्रशासन) -१
९. हलुका सवारी चालक श्रेणीविहिन -१
१०. का.स. श्रेणीविहिन -३
जम्मा -१४

## ३.    निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस केन्द्रको दरबन्दी विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १-राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रको दरबन्दी विवरण**

| क्र. सं. | पद | श्रेणी | सेवा | समूह | स्वीकृत दरवन्दी | कै. |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख | रा.प. प्रथम | नेपाल कृषि | समूहकृत नहुने | १ | |
| २ | वरिष्ठ वागवानी विकास अधिकृत | रा.प. द्वितीय | नेपाल कृषि | वागवानी | २ | |
| ३ | वागवानी विकास अधिकृत | रा.प. तृतीय | नेपाल कृषि | वागवानी | ४ | |
| ४ | बाली संरक्षण अधिकृत | रा.प. तृतीय | नेपाल कृषि | बाली संरक्षण | १ | |
| ५ | कृषि अर्थ विज्ञ | रा.प. तृतीय | नेपाल कृषि | एगृ.ईको एण्ड मार्केटिङ्ग | १ | |
| ६ | कृषि प्रसार अधिकृत | रा.प. तृतीय | नेपाल कृषि | कृषि प्रसार | १ | |
| ७ | माटो विज्ञ | रा.प. तृतीय | नेपाल कृषि | माटो | १ | |
| ८ | नायव सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| ९ | लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ | |
| १० | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | विविध | १ | रिक्त |
| ११ | प्राविधिक सहायक | रा.प.अनं. प्रथम | नेपाल कृषि | एगृ.ईको एण्ड मार्केटिङ्ग | १ | |
| १२ | प्राविधिक सहायक | रा.प.अनं. प्रथम | नेपाल कृषि | वागवानी | १ | |
| १३ | खरिदार | रा.प.अनं. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| १४ | हलुका सवारी चालक | श्रेणीविहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ३ | रिक्त |
| १५ | कार्यलय सहयोगी | श्रेणीविहिन | | | | |
| | **जम्मा** | | | | **२३** | |

## ४.	केन्द्रबाट प्रदान गरिने सेवा

यस केन्द्रबाट प्रदान गरिने सेवा तथा सेवा प्राप्त गर्न लाग्ने दस्तुर सम्बन्धी विवरण यस प्रकार छ ।

**तालिका २-राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र, खुमलटारको नागरिक वडापत्र**

| क्र. सं. | प्रदान गरिने सेवाहरु | कार्य बिधि | सम्बन्धित व्यक्ति/पद | शुल्क | समय | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|
| १ | तरकारीको मूल बीउको श्रोत व्यबस्थापन/बीउ उत्पादनर तथा प्रमाणीकरण | किसिम, जात, परिमाण खुलाई निवेदन दर्ता गर्नुपर्ने | राजेन्द्रनाथ अधिकारी, वरिष्ठ वागवानी विकास अधिकृत राजन परियार, माटो विज्ञ | निवेदन दिनु पर्ने | एक हप्ता भित्र | केन्द्र प्रमुख |
| २ | व्यवसायिक तरकारी खेती सम्बन्धी सल्लाह सुझाब | सम्बन्धित बाली तोकी निवेदन दिनुपर्ने | सन्देश धिताल, वरिष्ठ वागवानी विकास अधिकृत बिष्णु बोगटी, वागवानी विकास अधिकृत | नि:शुल्क | एक हप्ता भित्र | केन्द्र प्रमुख |
| ३ | तरकारी, आलु, कन्दमुल र मसला बाली सम्बन्धी प्राविधिक जानकारी | केन्द्रमा सम्पर्क राख्नुपर्ने | सन्देश धिताल, वरिष्ठ वागवानी विकास अधिकृत अरुण खनाल, वागवानी विकास अधिकृत | नि:शुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| ४ | प्राङ्गारिक तरकारी खेती सम्बन्धी प्राविधिक जानकारी | केन्द्रमा सम्पर्क राख्नुपर्ने | राजेन्द्रनाथ अधिकारी, वरिष्ठ वागवानी विकास अधिकृत आस्था दाहाल, कृषि प्रसार अधिकृत | नि:शुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| ५ | तरकारी आलु, कन्दमुल र मसलाबाली सम्बन्धी तथ्याङ्क | संस्थागत पत्र तथा निबेदन | आशा श्रेष्ठ योजना अधिकृत रवि कुमार के.सी., वागबानी विकास अधिकृत कालिका वन, प्रा.स. | नि:शुल्क | तुरुन्त | केन्द्र प्रमुख |

| क्र. सं. | प्रदान गरिने सेवाहरु | कार्य बिधि | सम्बन्धित व्यक्ति/पद | शुल्क | समय | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|
| ६ | तरकारी आलु कन्दमुल र मसलाबाली संरक्षण सेवा सम्बन्धी | केन्द्रमा सम्पर्क राख्नुपर्ने | धिरेन्द्र झा, बाली संरक्षण अधिकृत, राजन परियार, माटो विज्ञ | निःशुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| ७ | तरकारी बालीमा माटो तथा मलखाद ब्यबस्थापन | केन्द्रमा सम्पर्क राख्नुपर्ने | गगन सिं के.सी., वागवानी विकास अधिकृत राजन परियार माटो बिज्ञ | निःशुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| ८ | तालिम भ्रमण गोष्ठी सेमिनार एबं सञ्चार तथा प्रकाशन एबं वितरण | केन्द्रमा सम्पर्क राख्नुपर्ने | आस्था दाहाल, कृषि प्रसार अधिकृत कालिका वन, प्रा.स. | निःशुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| ९ | आलु बालीको टी.पी.एस. र पि.वि.एस. तथा श्रोत बीउ ब्यबस्थापन | केन्द्रमा सम्पर्क राख्नुपर्ने | बिष्णु बोगटी, बागबानी विकास अधिकृत लक्ष्मी, आचार्य प्रा.स. | निःशुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| १० | प्रशासन तथा जिन्सी सम्बन्धी कार्य | केन्द्रमा सम्पर्क राख्नुपर्ने | रुक्मणी देबी भट्टराई, नायब सुब्बा गिता लामिछाने, खरिदार | निःशुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| ११ | लेखा तथा आर्थिक कारोवार | आबश्यक कागजात सहित केन्द्रमा सम्पर्क राख्नुपर्ने | कालिका पुडासैनी, लेखापाल | नियमा-नुसार | एक हप्ता भित्र | केन्द्र प्रमुख |
| १२ | गुनासा र उजुरी सुन्ने | लिखित निबेदन तथा मैखिक गुनासो | राजेन्द्रनाथ अधिकारी, वरिष्ठ बागबानी विकास अधिकृत | निःशुल्क | तुरुन्त | केन्द्र प्रमुख |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

यस केन्द्रको तल उल्लेखित शाखाहरुबाट कार्यालयको कार्यहरु सम्पादन हुने गरेको छ । शाखा प्रमुख र शाखासँग सम्बन्धित कर्मचारीको विवरण तालिका ३ मा उल्लेख गरिएको छ ।

**तालिका-३ः राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र, खुमलटारको शाखाहरू, शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीको विवरण**

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | योजना, अनुगमन तथा समन्वय शाखा | सन्देश धिताल | वरिष्ठ वागवानी विकास अधिकृत | शाखा प्रमुख |
| | | आशा श्रेष्ठ | कृषि अर्थ विज्ञ | |
| | | रवि कुमार के.सी. | वागवानी विकास अधिकृत | |
| | | कालिका वन | प्राविधिक सहायक | |
| २. | प्राविधिक शाखा | राजेन्द्रनाथ अधिकारी | वरिष्ठ वागवानी विकास अधिकृत | शाखा प्रमुख |
| | | विष्णु वोगटी | वागवानी विकास अधिकृत | |
| | | अरुण खनाल | वागवानी विकास अधिकृत | |
| | | गगन सिंह के.सी. | वागवानी विकास अधिकृत | |
| | | | बाली संरक्षण अधिकृत | रिक्त |
| | | राजन परियार | माटो विज्ञ | |
| | | आस्था दाहाल | कृषि प्रसार अधिकृत | |
| | | लक्ष्मी आचार्य | प्राविधिक सहायक | |

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| ३. | प्रशासन शाखा | अच्युत कालिका पुडासैनी | लेखापाल | |
| | | रुक्मीणी देवी भट्टराई | नायव सुव्वा | |
| | | गीता लामिछाने | खरिदार | |
| | | | कम्प्युटर अपरेटर | रिक्त |
| | | | हलुका सवारी चालक | रिक्त |
| | | दया राउत | | |
| | | गोपाल श्रेष्ठ | | |
| | | चेतमान देसार | कार्यालय सहयोगी | |
| | | सुरेन्द्र तामाङ. | | |
| | | कान्छी के.सी. | | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस केन्द्रबाट प्रदान गरिने सेवा तथा सो को लागि लाग्ने दस्तुर एवं अवधि तालिका नं. २ मा दिईएको छ ।

## ७. निणार्य गर्ने प्रक्रिया र अधिकारी

केन्द्र प्रमुखबाट हुने निर्णयमा टिप्पणी प्रक्रिया अवलम्बन गर्ने गरिएको छ । अधिकार प्रत्यायोजन भए बमोजिम शाखा प्रमुखहरूबाट निर्णय गर्ने गरिएको छ । कार्यालयको आन्तरिक व्यवस्थापनको लागि कतिपय निर्णयहरु कार्यालयको मासिक बैठकमा समेत हुने गरेको छ । विषय बस्तु अनुसार पत्रमा नै तोकआदेश गरी कतिपय निर्णय गर्ने गरिएको छ ।

## ८. निर्णयउपर उजुरी सुन्ने अधिकारी

यस केन्द्रबाट गरिएका निर्णयउपर उजुरी गर्नु परेमा निर्णय गर्ने अधिकारी भन्दा एक  श्रेणी माथिका अधिकारी समक्ष उजुरी गर्नुपर्नेछ । प्रचलित कानूनले नै तोकेका विषयमा सोही बमोजिम नै हुनेछ ।

## ९. सम्पादन गरेका कामको विवरण

**९.१. प्राविधिक, कृषक, आपूर्तिकर्ता र अन्य सरोकारवाला सम्मिलित** Precision and Protected Horticulture **सम्बन्धी कार्यक्रम समिक्षा गोष्ठी यहि मिति २०७५।०८।०२ गतेका दिन यसै केन्द्रको सभाहलमा**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. युवकध्वज जि.सी. को प्रमुख आतिथ्यमा ८६ जनाको सहभागीता माँझ ४ प्रस्तुति सहित सम्पन्न भयो ।**

## उद्देश्य

गत आ.व. हरूमा साविक तरकारी विकास निर्देशनालयबाट सञ्चालन भएको कार्यक्रम प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि विस्तार कार्यक्रमको समिक्षा गर्न सरोकारवाला निकायहरु अनुदानग्राही कृषक र निजी फार्महरु, निर्माण कम्पनीहरु सामग्री आपूर्तिकर्ताहरु तथा सरकारी तथा गैर सरकारी निकायहरुको उपस्थितिमा सञ्चालित कार्यक्रमको उपदयिता कार्यक्रम सञ्चालनका दौरान परेका समस्याहरु तथा अब अबलम्बन गर्नु पर्ने रणनीतिहरुको बारेमा छलफल गर्ने ।

## कार्यपत्रहरु र प्रस्तोतकर्ता

राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रमबाट सञ्चालित कार्यक्रमहरुको समिक्षा तथा भावी कार्यदिशाको विषयमा डा. हरि बहादुर के.सी.

संरक्षित संरचना भित्रको वागवानी प्रविधि विश्व परिवेश र नेपालको अवस्था तथा आगामी कार्यदिशा विषयमा अरुण काफ्ले, प्रमुख, तरकारी बाली विकास केन्द्र, खुमलटार ।

नेपालमा संरक्षित संरचनामा तरकारी उत्पादन तथा बजारीकरणमा कृषकहरुको अनुभव (वर्तमान अवस्था, संभावना, चुनौती, समस्या एवं समाधानका लागि सुझावहरु) विषयमा चितवनका कृषक श्री मनोज कोइराला

संरक्षित संरचना निर्माण एवं खेती प्रविधिका लागि आवश्यक पर्ने निर्माण एवं उत्पादन सामग्रीहरु आपूर्तिको वर्तमान अवस्था, संभावना, चुनौती, समस्या एवं समाधानका लागि सुझावहरु विषयमा एग्रीभिजन हाइटेक प्रा.लि. चितवनका प्रतिनिधि श्री राजेन्द्रजंग रायमाँझी,

निचोडः प्रोटेक्टेड हर्टिकल्चर प्रविधि विस्तार कार्यक्रम अत्यन्त प्रभावकारी भएको साथै यस्तो संरचनामा खेतीतर्फ युवाहरूको आकर्षण बढी रहेकोले आगामी वर्ष यस्ता कार्यक्रमलाई निरन्तरता दिदै ग्रिनहाउसको

लागि उपयुक्त बाली विकास, संरचना नेपालमै बनाउन इन्जीनियरलाई तयार गर्ने, बाली तथा संरचनाको बीमामा जोड दिने जस्ता कार्यक्रम ल्याउनु पर्ने कुरामा सहभागीको जोड रह्यो । साथै सरकारको लागि उत्पादन निर्यातमा सहजिकरण गर्ने, आयत करमा हस्तक्षेप तथा निर्यात करमा सहुलियत प्रदान गर्ने, औद्योगिक सरसामानमा अनुदान दिने, बजार र आपूर्ति व्यवस्थापन गर्ने, प्रविधि निर्माणमा पि. पि.पि. मोडल लागू गर्ने तथा नार्क, विश्वविद्यालय, निजी क्षेत्रलाई मूलधारमा ल्याउने जस्ता सुझाव प्राप्त भयो ।

**९.२. प्रथम चौमासिक समिक्षा गोष्ठी कार्यक्रम यहि मिति २०७५/०८/१७ गतेका दिन यसै केन्द्रको सभाहलमा ७० जनाको सहभागीता माँझ ११ प्रस्तुति सहित सम्पन्न भयो ।**

**उद्देश्य:**

आ.व. २०७५/७६ को प्रथम चौमासिक अवधिमा भए गरेका कार्यहरूको प्रगति विवरण प्रस्तुत गर्नु । कार्यक्रम सञ्चालनको क्रममा आइपरेका समस्या सम्बन्धी छलफल साथै निराकरणका उपायमा माथिल्लो निकायबाट मार्गनिर्देश प्राप्त गर्ने ।

**निचोड**

सम्पूर्ण फार्म केन्द्रको प्रगति सन्तोषजनक रहेतापनि बजेट समयमा नै प्राप्त नभएकाले केही कार्यक्रम नभएका देखियो । कर्मचारीको दरवन्दी काटिएको साथै करारमा नियुक्ति गर्ने व्यवस्था नभएकाले फार्म केन्द्रमा पाले, बगैंचे, माली नभई दैनिक रेखदेखमा समस्या भएकाले करारमा भएपनि कर्मचारी खटाउने व्यवस्था गर्ने पर्ने देखिएकाले समस्या समाधानको लागि माथिल्लो निकायबाट पहल गर्नु पर्ने ।

**९.३. ट्राभलिङ्ग सेमिनार कार्यक्रम यहि मिति २०७५ साल पौष १० गतेबाट १६ गतेसम्म १९ जना सहभागीहरुद्वारा सिन्धुली, सर्लाही, सुनसरी, झापा, ईलाम लगायतका जिल्लाहरूको फार्म, केन्द्र र कृषकको फार्ममा अवलोकन गरी सम्पन्न भयो ।**

**उद्देश्य**

विभिन्न प्रविधि साथै प्राविधिक कार्यालयमा कार्यरत कर्मचारीहरूलाई विभिन्न फार्म, केन्द्र तथा कृषकले अपनाएका नयाँ वैज्ञानिक एवं आधुनिक

क्रियाकलापको अवलोकन, अनुभव साटासाट गरी ज्ञान सीप बढाई दक्षता अभिबृद्धि गराउने साथै कर्मचारीको हौसला बढाउने ।

## निचोड

तरकारी बीउ उत्पादन केन्द्र, रूकुम, आलु बाली विकास केन्द्र, सिन्धुपाल्चोक, तरकारी बाली विकास केन्द्र, खुमलटार, अलैची विकास केन्द्र, इलाम आदिमा भैरहेको बालीनालीको स्थिति साथै अपनाइएका नविनतम प्रविधिहरूको जानकारी सबै सहभागीले प्राप्त गर्नु भयो । खुमलटारमा भएको Hi-tech Green House, सिन्धुलीमा करेसाबारीमा तरूल उत्पादन गर्ने तरिका, सर्लाहीको आँपको ग्राफ्टेट बिरूवा साथै ईलामको अलैंची नर्सरीमा सहभागीको ज्याँदा ध्यानाकर्षण भई दक्षता हासिल भयो ।

## ९.४ आलुको पूर्व मूल बीउ वितरणको हालसम्मको अवस्था

| क्र.स. | साइज | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | >5 gm | 1->5 gm | | | 0.5->1 gm | | | |
| संस्था | NPRP | NPRP | NPSC | KARDC | NPRP | NPSC | KARDC | |
| उपलब्धता | 26576 | 61770 | 43000 | 43670 | 46576 | 5000 | 8665 | 235257 |
| वितरित | 15525 | 22250 | 27100 | 36500 | 14028 | 0 | 500 | 115903 |
| वाकि | 11051 | 39520 | 15900 | 7170 | 32548 | 5000 | 8165 | 119354 |

**९.५.** **बगर खेतीको बजेट बाँडफाँड सहितको कार्यक्रम र सोसँग सम्बन्धित बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ कार्यन्वयनका लागि कपिलबस्तु, कैलाली र सुनसरी जिल्लाका कृषि ज्ञान केन्द्रहरूमा पठाइयो ।**

**९.६.** **बजेट बाँडफाँड सहितको प्राङ्गारिक कृषि प्रवर्द्धधन मिसन कार्यक्रम र सोसँग सम्बन्धित प्राङ्गारिक कृषि प्रवर्द्धन मिसन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ कार्यन्वयनका लागि गण्डकी प्रदेश र प्रदेश ३ का सबै कृषि ज्ञान केन्द्रहरूमा पठाइयो ।**

**९.७.** **युवाहरुलाई तरकारी खेतीमा आकर्षित गर्नका लागि तरकारी विकास निर्देशनालयले तयार गरेको श्रव्य दृष्य** (Public Service Announcement) **सामग्री सगरमाथा टेलिभिजनबाट दैनिक दुई पटकका दरले प्रसारण भइरहेको छ ।**

**९.८. यस केन्द्रका वागवानी विकास अधिकृत श्री अरूण खनालले भारतको गाजियावादमा रहेको** National Centre for Organic farming (NCOF) **मा १६ नोभेम्बर देखि १५ डिसेम्बर २०१८ सम्म एक महिने** "ORGANIC FARMING AND CERTIFICATION" **तालिम लिनुभयो । निजको तालिमको मुख्य सिकाई निजकै भनाई अनुसार प्राङ्गारिक खेती र उत्पादनलाई बढावा दिन भारतबाट नेपालले सिक्नु पर्ने मुख्य कुराहरू निम्न रहेछः**

**संरचनागत सुधारः**

भारतमा "राष्ट्रिय जैविक खेती केन्द्र", गाजियावादमा स्थापनापछि मात्र प्राङ्गारिक खेती र उत्पादनले गति लिएको सन्दर्भमा नेपालमा पनि प्राङ्गारिक खेती र उत्पादनको सम्पूर्ण कार्य हेर्ने गरी सचिवालयको रूपमा "नेपाल प्राङ्गारिक खेती केन्द्र" स्थापना गर्न जरूरी रहेछ। साथै यसै अन्तर्गत प्राङ्गारिक उत्पादन, जैविक मल तथा जैविक विषादीको गुणस्तर निर्धारण, मापन, तथा नियन्त्रण प्रयोगशाला स्थापना जरूरी रहेछ ।

**अनुसन्धान र प्रसारः**

प्राङ्गारिक खेती र उत्पादन कार्यमा जोड दिदा राम्रो नतिजा प्राप्त हुने रहेछ । अनुसन्धान कै क्रममा प्राप्त वेष्ट डिकम्पोजरले माटो उर्वरा बनाउन तथा मल चाडै तयार गर्न धेरै मद्दत गरेको रहेछ भने मित्र जीवहरू तथा जैविक मलहरूको समेत राम्रो अनुन्धान भई कृषक माँझ सस्तो मूल्यमा वितरण गरिएको रहेछ। भारतमा परम्परागत कृषि विकास योजना, २०१५ बाट लागू गरी कृषकलाई प्राङ्गारिक खेती र उत्पादनमा विभिन्न तवरले अनुदान दिइएको कुरा नेपालले पनि सिक्नु पर्ने देखियो ।

**वैज्ञनिकताको प्रयोग**

भारतमा प्राङ्गारिक उत्पादन प्रमाणिकरण गर्ने निकायले प्राङ्गारिक खेती र उत्पादन समूहहरू बनाउने र "राष्ट्रिय जैविक खेती केन्द्र" को अनुमति पछि PGS Portal मार्फत सजिलै माध्यम बाट दर्ता तथा प्रमाणिकरण चिन्ह प्राप्त गर्ने रहेछ त्यसैले उत्पादनको प्रमाणिकरण गर्न, यसको नेपालमा पनि प्राङ्गारिक खेती र उत्पादनको विश्वसनीयता बढाउन साथै उपभोक्ताले समेत सजिलै चेक गरी सिधै उत्पादन किन्न पनि र तथ्याङ्क संकलन गर्न समेत PGS Portal बनाउन आवश्यकता देखियो ।

**कानुनी दुस्तावेज:**

नेपालमा पनि जैविक विषादी तथा प्राङ्गारिक उत्पादन सम्बन्धी कानुन बनाउनु पर्ने आवश्यकता देखियो ।

**९.९. विज्ञ करार अन्तर्गत श्री श्याम प्रसाद ढकाललाई नियुक्त गरिएको र विज्ञको भूमिका र जिम्मेवारी निम्न बमोजिम रहने छ।**

- तोकिएका तन्तु प्रजनन प्रयोगशालाहरुमा गुणस्तरीय आलुको पि.वि.एस. दाना तथा अलैंचीको बेर्ना उत्पादन सम्बन्धी तहाँ कार्यरत प्राविधिकहरुको सहकार्यमा कार्य गर्नुपर्ने ।
- राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास कार्यक्रम, सम्बन्धित निजी तथा सरकारी फार्मबाट तोकिएका प्राविधिकहरुलाई तन्तु प्रजनन् प्रयोगशालाबाट गुणस्तरीय आलुको पि.वि.एस. दाना उत्पादन र अलैंचीको बेर्ना उत्पादन गर्ने ज्ञान तथा सीप तालिम र सहकार्य मार्फत प्रदान गर्नुपर्ने ।
- तन्तु प्रजनन्बाट आलुको पि.वि.एस. दाना र अलैंचीको बेर्ना उत्पादन गर्ने प्रविधि, आवश्यक सामग्री एवं रसायनहरु, उत्पादित दानाहरुबाट वीज बृद्धि गर्ने र अलैचीको बेर्ना बृद्धिबारे वार्षिक कार्य तालिका सहितको प्रोटोकल तयार गरी सम्बन्धित निजी तथा सर कारी फार्म एवं राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रममा पेश गर्नुपर्ने ।
- तन्तु प्रजनन प्रयोगशाला सञ्चालनमा आइपर्ने समस्याहरुको समाधान गर्ने एवं सुझाव दिने ।
- पि.वि.एस. दाना वा तन्तु प्रजनन प्रविधिबाट उत्पादित बिरुवालाई जालीघरमा रोपी बिरुवा उत्पादन गर्ने प्रविधिबारे प्राविधिक जानकारी गराउने ।
- तोकिएका प्रयोगशालाहरुमा तन्तु प्रजनन्बाट उत्पादन हुने पि.वि.एस. दाना र अलैंचीको बिरुवाको गुणस्तर नियन्त्रण गर्न आवश्यक कार्यहरु र अनुगमन गर्नुपर्ने ।
- उत्पादन हुने दाना तथा बिरुवाको गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धमा गुणस्तर नियन्त्रणको कार्य गर्ने निकायहरुसँग आवश्यक समन्वय गर्नुपर्ने ।

- राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रबाट तोकिएका तन्तु प्रजनन सम्बन्धी अन्य आवश्यकतानुसारका कार्यहरु ।

**९.१० राष्ट्रिय योजनामा परियोजना बैंक स्थापना गर्ने प्रायोजनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट माग भए बमोजिम तपसिलका परियोजना अवधारणा पत्र तयार गरी पठाइएको**

- Project Concept Note on "Contract Farming, Dry-land Management and Bagar Kheti"
- Project Concept Note on "Fresh Vegetable Contract Farming"
- Project Concept Note on "Potato and Potato Seed Development"
- Project Concept Note on "Precision and Protected Horticulture"
- Project Concept Note on "Onion and Garlic promotion"
- Project Concept Note on "Ginger, Turmeric and Cardamom Grading, Packaging and Processing Plant in Province 1"

### ९.११. अनुगमन तथा मूल्याङ्कन

यस अवधिमा यस केन्द्र अन्तगर्तका चार वटै फार्म केन्द्रहरू विभिन्न जिल्लाको तरकारी खेतीको अनुगमन भएको छ ।

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

क. प्रमुखको नाम र पद: डा. हरि बहादुर केसी, प्रमुख
सम्पर्क नं. ०१-५५२५५१३, ९८५१२२३७०१

ख. सूचना अधिकारीको नाम र पद: सन्देश धिताल, वरिष्ठ वागवानी विकास अधिकृत, सम्पर्क नं. ०१-५५२५५१३, ९८१८८३७६३३
ईमेल: npvsckhumaltar@gmail.com

## ११. ऐन, नियम, विनियम वा निर्देशकाको सूची

- बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
- प्राङ्गारिक कृषि प्रवर्द्धन मिसन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०५७

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

| महिना | चालु खर्च | पूँजीगत खर्च | जम्मा खर्च |
|---|---|---|---|
| कार्तिक | २०८२७६२.४ | ० | २०८२०७६२.४ |
| मंसिर | १८८८२३५.५ | ० | १८८८२३५.५ |

| महिना | चालु खर्च | पूँजीगत खर्च | जम्मा खर्च |
|---|---|---|---|
| पौष | १२९२९५०.३ | ० | १२९२९५०.५ |
| जम्मा खर्च | ९७२७९९७.२ | ० | ९७२७९९७.२ |

## १३. अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण अघिल्लो आर्थिक वर्षमा सञ्चालन भएका कार्यक्रमहरुको विवरण

- प्रिसिजन तथा प्रोक्टेड हर्टिकल्चर प्रविधि विस्तार,
- कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम,
- अलैंची निजी नर्सरी स्थापना,
- अलैंची प्रशोधन ड्रायर स्थापना,
- बीउ आलु उत्पादन कार्यक्रममा प्रमाणीकरण,
- आलुको पूर्व मूल बीउ उत्पादनको लागि तन्तु प्रजनन प्रयोगशाला स्थापना ।

## १४. सार्वजनिक निकायको वेभसाइटको विवरण

यस राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रको वेभसाईट http://www.ncpvs.gov.np रहेको छ ।

## १५. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण

सूचना केन्द्रको सूचना पाटीमा, वेभसाइटमा वा राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित हुने ।

## प्रकाशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र
खुमलटार, ललितपुर ।
माघ, २०७५